# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३५ | काठमाडौं | बुधबार, १४ जेठ २०८२ | Prabhab National Daily | Wednesday, May 28, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## विज्ञापन बोर्डको अध्यक्षमा पुनः हुमागाईं

**काठमाडौं (प्रस)–** सरकारले विज्ञापन बोर्डको अध्यक्षमा पुनः लक्ष्मण हुमागाईंलाई नियुक्त गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले बोर्डको रिक्त अध्यक्ष पदमा हुमागाईंलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।



हुमागाईं आगामी चार वर्षका लागि अध्यक्ष नियुक्त भएका हुन् । उनी यसअघि पनि बोर्डको अध्यक्ष थिए । २०७८ असारमा अध्यक्ष नियुक्त भएका उनी चार वर्षे कार्यकाल पूरा गरेर बिदा भएका थिए । यद्यपि, उनी अन्य प्रतिस्पर्धीलाई पछि पार्दै पुनः सोही पदमा दोहोरिएका छन् ।

अध्यक्ष पद रिक्त भएपछि सञ्चार मन्त्रालयले गत वैशाख ५ गते सार्वजनिक सूचना प्रकाशित गरी अध्यक्षका लागि आवेदन माग गरेको थियो । व्यावसायिक कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तामा उच्च अंक प्राप्त गर्ने तीन जनाको नाम सिफारिस समितिले मन्त्रिपरिषद्मा पेस गरेको थियो । जसमा सर्वोत्कृष्ट अंक ल्याएका हुमागाईंलाई नियुक्ति गरिएको सञ्चारमन्त्री गुरुङले जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

### कांग्रेस नेतृत्वसँग कोइरालाको असन्तुष्टि

## 'प्रधानमन्त्रीको अभिव्यक्तिप्रति कांग्रेस चुप बस्नु अचम्म'

प्रधानमन्त्रीले १५ गते काठमाडौं कब्जा गर्न पार्टी कार्यकर्तालाई दिएको निर्देशन आपत्तिजनक भएको भनाइ



**विराटनगर (प्रस)–** सत्तारुढ दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले प्रधानमन्त्री केपी शर्मा ओलीको भनाइप्रति पार्टीले नबोलेकोमा अचम्म लागेको बताएका छन् । सोमबार पार्टी सभापति शेरबहादुर देउवाको निवासमा भएको पदाधिकारी बैठकमा यस विषयमा छलफल नभएकोमा आफू अचम्ममा परेको कोइरालाले बताएका हुन् ।

मोरङको विराटनगरमा मंगलबार आयोजित कांग्रेसको शुभेच्छुक संगठन नेपाल नाई संघको राष्ट्रिय परिषद् उद्घाटन गर्दै कोइरालाले यस्तो धारणा राखेका हुन् ।

क्रमशः पृष्ठ २ मा

### संसद्मा पुग्यो भिजिट भिसा प्रकरण

# गृहमन्त्रीको राजीनामा माग्दै सदन अवरुद्ध



हामीले आज सदनमा मानव तस्करी मौलाएको विषयमा गृहमन्त्रीको राजीनामा मागेका हौं । बजेट भाषणबारे हामी निर्णयमा पुगेका छैनौं ।

**हितराज पाण्डे**
प्रमुख सचेतक, माओवादी केन्द्र



सदन सहजरूपमा सञ्चालनका लागि संवाद सुरू भएको छ । संवादबाटै सहमतिमा पुग्ने हो । बाँकी कुरा सत्तापक्षबाट गरिने व्यवहारबाट तय हुन्छ ।

**सन्तोष परियार**
प्रमुख सचेतक, रास्वपा



मंगलबारको प्रतिनिधिसभा बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रसहितका विपक्षी दलका सांसदहरू उभिएर अवरोध जनाउँदै ।
*तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भोलि अर्थात् जेठ १५ गते बजेट भाषणको दिन । तर विपक्षी दलले मंगलबारको सदन नै अवरुद्ध गराएको छ । भिजिट भिसामार्फत मानव तस्करी प्रकरणमा निष्पक्ष अनुसन्धानका लागि गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्ने भन्दै विपक्षी दलले नाराबाजी गरेपछि मंगलबारको सदन अवरुद्ध भयो ।

हुन त मंगलबारको सदनमा विपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल देखिएनन् । बिहानै दाहालले चितवन पुगेर सदन अवरुद्ध हुने संकेत गरेका थिए । 'यो सामान्य विषय छैन । यो विषयलाई गम्भीर रूपमा उठाउँछौं । विपक्षी दलहरूबीच छलफल चलिरहेको छ । कम्तीमा गृहमन्त्रीले राजीनामा दिनुपर्ने अवस्थाचाहिँ आउँछ,' दाहालले भनेका थिए ।

नभन्दै ११ बजेका लागि डाकिएको सदन ढिला गरी सुरु भयो । भिजिट भिसा प्रकरणमा उठेका प्रश्नको जवाफ दिने तयारीका साथ गृहमन्त्री लेखक प्रतिनिधिसभा पुगेका थिए । तर विपक्षीले उनलाई जवाफ दिने मौका नै दिएनन् । सदन सुरु हुनासाथ विपक्षीले उठेर विरोध गरे । त्यसपछि सभामुख देवराज घिमिरेले माओवादी केन्द्रका सांसद वर्षमान पुनलाई बोल्न समय दिए ।

पुनले अहिलेको समयमा गृहमन्त्रीले राजीनामा दिएर मार्गप्रशस्त गर्न माग गरे । 'अख्तियारले अपरेसन सुरु गरेको छ । उसलाई सानो माछा भनेर दुई दिनमै छोडिरहेको छ । ठूलो माछा को हो ? अहिले नै हामी कसैलाई आरोपित गर्न चाहँदैनौं । यसका लागि गृहमन्त्रीज्यूले राजीनामा दिएर मार्गप्रशस्त गरिदिनुस् भनेर हाम्रो विनम्र अनुरोध छ,' पुनले भने । अघिल्लो बुधबार भिजिट भिसा प्रकरणमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईलाई अख्तियारले नियन्त्रणमा लिएको थियो । त्यसपछि गृहमन्त्री लेखक र उनको सचिवालय पनि भिसिट भिसा प्रकरणमा तानिएको हो ।

'अख्तियारले मुख्य आरोपी भनेका तीर्थराज भट्टराईलाई गृहमन्त्रीकै अग्रसरतामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पठाइएको देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

### के होला बजेट भाषण ?

भोलि सदनमा बजेट भाषण हुँदै छ । विपक्षीले सदन अवरोध जारी राखे के होला बजेट भाषण ? यस विषयमा सत्तारुढ दल र विपक्षी दलले बेग्लाबेग्लै तयारी बैठक राख्ने भएका छन् । यद्यपि, सत्तारुढ दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले बजेटको विषयमा सदन अवरोध नहुने बताएका छन् ।

विपक्षी दलहरूले बजेटको विषयमा के गर्ने भन्ने रणनीति बनाउन बुधबार बैठक डाकेको छ । बैठकमा नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा एकीकृत समाजवादीका सांसदहरू भेला हुने तय भएको छ । बैठकले सदनमा कसरी प्रस्तुत हुने भनी रणनीति तय गरिने माओवादी प्रमुख सचेतक हितराज पाण्डेले बताए । 'हामीले आज सदनमा मानव तस्करी मौलाएको विषयमा गृहमन्त्रीको राजीनामा मागेका हौं,' पाण्डेले भने, 'बजेटबारे हामी निर्णयमा पुगेका छैनौं ।'

रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले बुधबार सत्ता पक्षबाट गरिने व्यवहारबाट बजेट भाषण अवरोध हुने वा नहुनेबारे निर्णय हुने बताए । 'संवाद सुरु भएको छ । संवादबाटै सहमतिमा पुग्ने हो । बाँकी कुरा सत्तापक्षबाट गरिने व्यवहारबाट तय हुन्छ,' परियारले भने ।

**सन्दर्भ: वैदेशिक रोजगार**

## इपिएस सम्झौता नवीकरणसम्बन्धी समझदारीपत्र मन्त्रिपरिषद्बाट स्वीकृत

अब कोरियासँग चाँडै हस्ताक्षर हुने इपिएस कोरिया शाखाको भनाइ

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** दक्षिण कोरियामा नेपाली कामदार पठाउनेसम्बन्धी रोजगार अनुमति प्रणाली (इपिएस) सम्झौता नवीकरणका लागि प्रस्तावित समझदारीपत्र मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाल सरकार र दक्षिण कोरियाबीच हस्ताक्षर हुने उक्त समझदारीपत्र स्वीकृत गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए । उक्त समझदारीपत्रमा समकक्षी मिलाइ हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको उनले बताए ।

वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाका अनुसार इपिएस सम्झौता प्रत्येक दुई वर्षमा नवीकरण गर्नुपर्ने प्रावधान छ । दुई वर्षअघि भएको सम्झौताको म्याद मंगलबार सकिएको हो । हस्ताक्षरको मिति यकीन नभए पनि मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै हस्ताक्षर गर्ने प्रक्रियामा जाने शाखाले जनाएको छ । 'मन्त्रिपरिषद्ले अख्तियारी दिइसकेपछि अब कोरिया र नेपालको प्रतिनिधि बसेर हस्ताक्षर गर्ने हो । यथाशीघ्र हस्ताक्षर गर्ने प्रक्रिया अगाडि बढ्छ,' शाखाका निर्देशक राजकुमार राईले प्रभावसँग भने ।
नेपाल र दक्षिण कोरियाबीच सन् २००७ मा इपिएस प्रणालीमार्फत श्रमिक लैजाने समझदारी भएको थियो । समझदारीपछि कोरियाले सन् २००८ देखि कोटा छुट्याएर नेपाली श्रमिक लैजाँदै आएको छ । हालसम्म एक लाख १३ हजारभन्दा बढी नेपाली श्रमिक भाषा परीक्षा उत्तीर्ण गरी कोरिया गएको तथ्यांक छ ।

क्रमशः पृष्ठ २ मा

## नेपाली श्रमिकलाई सम्मानजनक व्यवहार गर्न गन्तव्य मुलुकसँग आग्रह



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले श्रम गर्न गएका नेपाली श्रमिकहरूलाई गन्तव्य मुलुकले दासको व्यवहार गर्न नपाउने बताएका छन् । मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वीस सरकार र आइएलओको अन्तर्राष्ट्रिय तालिम केन्द्र (आइटिसी)द्वारा धुलिखेलमा आयोजित श्रम सम्झौताको विकास, सौदाबाजी र कार्यान्वयनसम्बन्धी आवासीय तालिमको उद्घाटन गर्दै श्रममन्त्री भण्डारीले वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकलाई गन्तव्य देशबाट सधैं सम्मानपूर्ण व्यवहारको अपेक्षा नेपालले राख्ने गरेको बताएका हुन् ।

'आफ्नो देशमा श्रमशक्ति नभएपछि नेपालबाट श्रमिक लिएर जाने गरेको हो । नेपालबाट गएका श्रमिकले गन्तव्य देशको विकासमा ठूलो योगदान गरिरहेका छन् । यसलाई गन्तव्य देशहरूले पनि स्वीकार्दै आएका छन्,' मन्त्री भण्डारीले भने । भण्डारीले गन्तव्य देशले श्रम गर्न गएका नेपाली श्रमिकहरूलाई त्यहाँका नागरिक सरह नै आधारभूत अधिकार पाउने हैसियत कायम गरिनुपर्ने बताए ।
'त्यो देशको विकासमा योगदान गर्ने नेपाली श्रमिकलाई दाससरह व्यवहार गर्न पाइँदैन,' उनले भने, 'नेपाली श्रमिकले स्थानीय नागरिकसरह नै आधार भूत अधिकार पाउने हैसियत राख्दछन् । सम्मानजनक व्यवहार खोज्दछन् ।'

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## गृहमन्त्रीको राजीनामा...

विवादित पृष्ठभूमि भएका र यसभन्दा पहिले पनि विभिन्न अनियमिततामा जोडिएका सहसचिवलाई रोजीछाडी कसरी मालदार भनिने चिनिएको अड्डामा पठाउनुभयो ? के साँच्चै मन्त्रीजीलाई ती सहसचिव एकदम स्वच्छ र सक्षम छन् भनेर हो कि ? कि अन्य कुनै स्वार्थ थियो ? यो अनुसन्धानको विषय हो,' सदनमा पुनले भने ।

त्यसपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिशिर खनालले गृहमन्त्रीमाथि गम्भीर आरोप लागेकाले निष्पक्ष छानबिनका लागि उच्चस्तरीय छानबिन आयोग गठन गर्नुपर्ने माग राखे । 'संगठित अपराध र सम्पत्ति शुद्धीकरणसँग जोडिएर हेर्नेगरी छानबिन गर्न एक उच्चस्तरीय छानबिन आयोग नबनेसम्म यो संसद् चल्न सक्दैन,' खनालले भने ।

सदनमा विरलै देखिने नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा गृहमन्त्रीलाई ढाडस दिन मंगलबार प्रतिनिधिसभामा इन्ट्री भएका थिए । विपक्षीले अवरोध जारी राखेपछि सभामुख घिमिरेले कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेलाई बोल्ने मौका दिए । तर विपक्षीले होहल्ला गरेपछि सभामुखले आधा घण्टाका लागि स्थगित गरेको सदन मंगलबार बस्न सकेन । सदन आज ११ बजेसम्मका लागि स्थगित भएको छ ।

एमालेका प्रमुख सचेतक महेश बर्तौलाले यस्तै हो भने हरेक दिन हरेक मन्त्रीले राजीनामा दिनुपर्ने अवस्था आउनसक्ने बताए । 'कुनै कर्मचारीलाई अख्तियारले गरेको छानबिनसँग जोडेर गृहमन्त्रीको राजीनामा माग्दै संसद् अवरोध हुनु असंसदीय हो । हरेक कर्मचारीसँग जोडेर यस्तै गर्ने हो भने हरेक दिन हरेक मन्त्रीले राजीनामा दिनुपर्ने अवस्था आउन सक्छ । समस्या जहाँ छ त्यहाँ हिट गरौं,' बर्तौलाले भने ।

■■■

## विज्ञापन बोर्डको ...

करिब तीन दशकदेखि सञ्चार क्षेत्रमा क्रियाशील हुमागाईंले नेपाल टेलिभिजनको महाप्रबन्धकको जिम्मेवारीसमेत सम्हालिसकेका छन् । नेपाल टेलिभिजनबाहेक उनले जनता टेलिभिजन र इमेज च्यानलकोसमेत नेतृत्व गरिसकेका छन् । हुमागाईंले आमसञ्चार तथा पत्रकारिता र जनप्रशासनमा स्नातकोत्तर, पत्रकारिता तथा आमसञ्चारमा दर्शनाचार्य गरेका छन् । उनले विज्ञापन नियमनकै विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गरिहेका छन् । अघिल्लो कार्यकालमा विज्ञापन बजारलाई व्यवस्थित गर्न हुमागाईंले नेतृत्वदायी भूमिका खेलेका थिए ।

■■■

## प्रधानमन्त्रीको...

'मलाई त के लागेको थियो सभापतिजीको घरमा भएको बैठकमा देशको बारेमा कुरा होला, भर्खरै प्रधानमन्त्रीले १५ गते काठमाडौं कब्जा गर्न पार्टी कार्यकर्तालाई दिएको निर्देशनका बारेमा छलफल होला तर दुर्भाग्य, यो विषय उठ्दै उठेन,' कोइरालाले भने, 'छलफल के विषयमा हुन्छ भने मेरो विषयमा हुन्छ । योभन्दा हस्यास्पद के हुन्छ ?'

सोमबार बूढानीलकण्ठमा सम्पन्न पदाधिकारी बैठकमा नेताहरूले गृहमन्त्री रमेश लेखकको राजीनामा मागबारे शेखरसँग स्पष्टीकरण सोध्नुपर्ने बताएका थिए । यता प्रधानमन्त्री ओलीले भने मंगलबार काठमाडौंको सडक कब्जामा लिन आफ्ना कार्यकर्तालाई निर्देशन दिएका थिए । आइतबारको सचिवालय बैठकमा ओलीले भनेका थिए, '१५ गते ११ बजेदेखि २ बजेसम्म काठमाडौंमा नेकपा एमालेको नियन्त्रण हुनुपर्छ । कसरी कुन संस्था अगाडि लाग्छ, कुन संस्थाको आयोजना हुन्छ त्यसलाई छाडिदिनुस् ।'

कोइरालाले देशको सर्वोच्च पदमा बसेको मान्छेले गैरराजनीति र मुठभेडको भाषा बोल्दासमेत कांग्रेसले यसबारेमा आधिकारिक धारणा नराख्नु दुखद भएको बताए । 'के बाध्यता आइपर्‍यो त्यस्तो प्रधानमन्त्रीले जे-जे गरे पनि कांग्रेसले छुट दिँदै जाने ?,' कोइरालाले प्रश्न गरे । प्रधानमन्त्री व्यक्तिमात्रै नभएर संस्था पनि भएको भन्दै त्यो पदमा बस्ने मान्छेले बोल्ने हरेक कुराले अर्थ राख्ने कोइरालाको तर्क थियो ।

■■■

## नेपाली श्रमिकलाई ...

नेपालले गन्तव्य देशसँग नेपाली श्रमिकको न्यूनतम तलब, स्वास्थ्य सुरक्षा, बिमा, सामाजिक सुरक्षा, मर्यादित कार्यस्थल र न्यायोचित भर्ना प्रक्रियाको विषयलाई सम्बोधन हुनेगरी श्रम सम्झौता गरिरहेको पनि उनले बताए । मन्त्री भण्डारीले नेपाल सरकार सुरक्षित आप्रवासनका लागि काम गरिरहेको बताउँदै कुनै पनि श्रमिक घरबाट निस्केर गन्तव्य मुलुकसम्म पुगेपछि फर्किएर नआएसम्मका सबै चरणमा सुरक्षाको सुनिश्चित गर्ने विषयमा श्रम सम्झौता गर्नुपर्ने बताएका छन् ।

कार्यक्रममा श्रमसचिव डा. कृष्णहरि पुष्करले गन्तव्य देशसँग श्रम सम्झौता गर्दा अन्तर्राष्ट्रिय आधारभूत मानवअधिकारका विषयमा कुनै पनि सौदाबाजी गर्न नहुने विषयमा जोड दिएका थिए । 'श्रमिकको सुरक्षा र हक दिलाउने विषयमा विश्वव्यापी मानवअधिकारका आधारभूत मान्यताका विषयमा सौदाबाजी हुँदैन,' उनले भने, 'सामाजिक सुरक्षालगायतका विषयमा भने थप छलफल गर्न सकिन्छ ।'

■■■

## इपिएस सम्झौता ...

कोरियाले नेपालसहित विभिन्न १७ वटा देशबाट श्रमिक लैजाँदै आएको छ । पछिल्लो समय भने नेपाली कामदारलाई प्राथमिकतामा राखेको बताइएको छ । सोहीअनुसार कोटा बढाइएको थियो ।

थोरै लागतमा जान सकिने, पारदर्शी प्रक्रिया, आकर्षक तलबलगायत कारणले कोरियामा श्रमिकहरूको आकर्षण बढ्दो छ । कोरियाले हाल कृषि, उत्पादन र शिप बिल्डिङ (पानी जहाज बनाउने) क्षेत्रमा कामदार लगिरहेको छ । भाषा परीक्षा दिने लाखौं भए पनि थोरैले मात्रै अवसर पाउने गरेका छन् । जसकारण भाषा परीक्षा उत्तीर्ण गएकाहरूसमेत कोरिया जाने प्रतीक्षामा बसिरहेका छन् ।

शिप बिल्डिङमा जान भाषा परीक्षा उत्तीर्ण गरेकाहरू करिब दुई वर्षदेखि जान नपाएपछि क्षेत्र (सेक्टर) परिवर्तन गर्नुपर्ने मागसहित आन्दोलनमासमेत उत्रिएका थिए । यद्यपि, क्षेत्र परिवर्तन गर्ने नगर्ने विषय कोरियाकै हातमा रहेको इपिएस कोरिया शाखाले बताउँदै आएको छ । हाल जुन क्षेत्रका लागि परीक्षा दिएको हो सोही क्षेत्रमा मात्रै जान पाउने व्यवस्था रहेको छ । यसलाई परिवर्तन गरेर जुनसुकै क्षेत्रमा जान पाउने व्यवस्था गर्नुपर्ने माग परीक्षा उत्तीर्ण भएकाहरूको माग छ ।


**युएइमा रोजगार** कम्पनी : FLEX FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/११/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/१३ LT. No. 319693 चलानी नं. ६०२३३८१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 20 | 800 | २९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २१ गते (4th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९


### हुप्सेकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भ्यालवास ,नवलपरासी (ब.सु.पु.)

**बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना**

प्रकाशित मिति : २०८२/०२/१४

यस गाउँपालिकाबाट मिति २०८१/१२/२२ मा प्रकाशित सूचना अनुसार विधुतीय खरिद विधि (*E–Bidding*) मार्फत दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन हुँदा तपसिलका बोलपत्रदाताहरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्न सात (७) दिनको आशयको सूचना जारी गरिएको छ ।

| क्र.सं. | ठेक्का न. | कामको विवरण | बोलपत्र दाताको नाम | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | Hup/Ncb/W /7/081/82 | प्रशासनिक भवन कम्पाउण्ड गार्डेन र गार्ड हाउस निर्माण | दिक्षा निर्माण सेवा प्रा.लि, काठमाडौं | ६३,०८,१२०/- |

**प्रमुख प्रशासकिय अधिकृत**

### रामधुनी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भुम्का, सुनसरी
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८२/०२/१४

यस कार्यालयबाट मिति २०८२/०१/०९ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा E-Bidding मार्फत बोलपत्र आह्वन गर्दा रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका उल्लेखित बोलपत्रदाता न्यूनतम मूयांकित सारभुत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description | Bidder's Name & Address | Bid Amount (without p.s. &VAT) |
|---|---|---|---|---|
| 1. | RMY/NCB/ 24 /081/082 | Ramdhuni mandir janey mul sadak ramdhuni nagarpalika wada no 4 sub division ban karyalaya dekhi ramdhuni mandir samm sadak kalopatre marmat | Shrestha Construction, Ramdhuni -6 Sunsari | NRs.43,45,532.35 |
| 2. | RMY/NCB/ 28 /081/082 | Shah Toll Baat Panchmukhi Toll Jane Bato Kalopatre Ramdhuni-08 | Barahakshetra Nirman Sewa, Barahakshetra-01, Sunsari | NRs.23,77,465.05 |

**प्रमुख प्रशासकीय अधिकृत**


**युएइमा रोजगार** कम्पनी : ALLLABAYK SOLER ENRGY SYSTEM RENTAL LLC. शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ LT. No. 323878 चलानी नं.६०२३७८२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Messengers | 10 | 0 | 1000 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NEW SYSTEM ENGINEERING L L C शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ LT. No. 324687 चलानी नं.६०२३८६१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 800 | २९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः जनकपुर-१०, देमिचोक, मधेश टेक्निकल इन्स्टिट्युट प्रा.लि. मा मितिः २०८२ जेठ २१ गते (4th Jun. 2025) मा हुनेछ । सम्पर्कः ९८०१६७०६०६

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80

**जापानमा रोजगार** कम्पनी : POPLAR HUMAN RESOURCE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ LT. No. 324641 चलानी नं. ६०२३८५६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Services | 0 | 5 | 182311 | १,७३,१४० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय, काठमाडौंमा मितिः २०८२ जेठ २१ गते (4th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



LIC No. 843/066/67
ALL CORNICE OVERSEAS SERVICE PVT.LTD.
Tokha 10 Samakhusi, Kathmandu, Nepal, Tel: +977-1-4950802 / 4950308, Mob: 9869105999, 9805118339
E-mail : info@allcorniceoverseas.com, allcornice99@gmail.com, Web: allcorniceoverseas.com

**कतारमा रोजगार** कम्पनी : MEGATRONICS CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ LT. No. 324652 चलानी नं. ६०२३८६२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | १३४,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Accountant General | 1 | 0 | 3600 | १३४,५०५ | | | | | | | |
| 3 | Assembler For Plastic Products | 10 | 0 | 1100 | ४२,००० | | | | | | | |
| 4 | Carpenter | 2 | 0 | 1100 | ४२,००० | | | | | | | |
| 5 | Electric.tech | 4 | 0 | 1100 | ४२,००० | | | | | | | |
| 6 | Electrician. | 39 | 0 | 1100 | ४२,००० | | | | | | | |
| 7 | Foreman | 12 | 0 | 2500 | ९३,४०५ | | | | | | | |
| 8 | Labour | 53 | 0 | 1000 | ३७,३६० | | | | | | | |
| 9 | Load Unload Worker | 5 | 0 | 1100 | ४२,००० | | | | | | | |
| 10 | Mason. | 4 | 0 | 1100 | ४२,००० | | | | | | | |
| 11 | Plumber | 3 | 0 | 1100 | ४२,००० | | | | | | | |
| 12 | Receptionist | 2 | 0 | 1300 | ४८,५७० | | | | | | | |
| 13 | Store Keepers | 3 | 0 | 1900 | ७१,००० | | | | | | | |
| 14 | Supervisor | 1 | 0 | 2500 | ९३,४०५ | | | | | | | |
| 15 | Welder | 16 | 0 | 1100 | ४२,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २० गते (3rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Greenland Services Pvt. Ltd. "A Complete Ethical Recruitment Agency"
Basundhara, Kathmandu, Nepal, Tel: +977 1 5916353,
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com
श्रम इजाजत नं. १५९३/०७९/०८०


### Dilasaini Rural Municipality
### Office of Rural Municipal Executive
**Dilasaini, Baitadi**
**Sudurpakshim Province , Nepal**

## Invitation For Sealed Quotation

**Date Of Publication:2082/02/14 (5/28/2025)**

1. Dilasaini Rural Municipality, Office of the Rural Municipal Executive, Baitadi invites e-bid for eligible bidders for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount Exclusive of VAT and contingencies. (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DRM/GOODS/ 02/081/082 | Procurement for the supply and delivery of sanitary pad | 45 days | 1650000.00 | 50000.00 | **1000.00** |

**Further Information to bidders;**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | 6/12/2025 12:00 hours |
| **Date, Time and Place of Bid Opening** | 6/12/2025 13:00 hours at Dilasaini Rural Municipality Office, Baitadi |
| **Account No. for Bid Document Purchase** | Kumari Bank Limited, Dilasaini , ANTARIK RAJASHWA KHATA<br>Dilasaini Rural Municipality- 0880034242400008 |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank: Kumari Bank Limited ,Dilasaini, Baitadi<br>Name of Office: Dilasaini Rural Municipality<br>Office Account No. : 0880034242400005 (Dharauti Khata) |

2. Bidders shall submit their bids electronically only.
3. If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4. For more information, please contact Dilasaini Rural Municipality, Baitadi.

**Chief Administrative Officer**

# गण्डकी प्रदेशको यातायात नियमावलीविरुद्ध यातायात व्यवसायी

## सातबुँदे माग राख्दै आन्दोलनको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)**– यातायात क्षेत्रमा क्रियाशील आठ व्यवसायी तथा मजदुर संस्थाले सातबुँदे माग राख्दै दबाबमूलक कार्यक्रम घोषणा गरेको छ । ती संस्थाहरूले संयुक्तरूपमा गठन गरेको सार्वजनिक यातायात बचाऊ संघर्ष समितिले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गरी विभिन्न माग अघि सारेको हो ।

समितिले संघीय ऐनसँग बाझिने गरी गण्डकी प्रदेशले ल्याएको यातायात नियमावली खारेजीको माग गरेको छ। सवारी ऐन, २०४९ को परिच्छेद २ को दफा ८ को २ र दफा १२ को १ विपरीत हुने गरी संघीय ऐनसँग बाझिने गरी गण्डकी प्रदेशले ल्याएको उक्त नियमावली खारेजीको माग गरेको हो। उक्त प्रदेशले राइड सेयरिङलाई वैधानिकता दिन उक्त नियमावली ल्याएको थियो ।

पत्रकार सम्मेलनमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले गण्डकी प्रदेशले यही जेठ १ गते निजी सवारीसाधन सञ्चालन गर्न ल्याएको नियमावलीको दफा २ को 'ज' तत्काल खारेज गर्न माग गरे। उनले सर्वोच्च अदालतबाट संघ संस्था दर्ता ऐन, २०३४ मा रहेको संघ समिति नवीकरण सम्पत्ति फुकुवा परमादेशलाई तत्काल कार्यान्वयन गर्नसमेत सरकारसँग आग्रह गरे। यातायात व्यवसायी तथा मजदुरले संशोधनको क्रममा रहेको सवारी ऐन २०४९ मा यातायात व्यवसायी तथा मजदुरसँग विगतमा भएका सम्झौता समेट्नुपर्ने, मालबाहक सवारीसाधनको भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४ को दफा १३ अनुसार स्वदेशी तथा विदेशी सवारीसाधनको भारवहन क्षमता कडाइका साथ लागू गर्नुपर्नेलगायत माग गरेका छन् । त्यसैगरी सार्वजनिक यातायात क्षेत्रमा योगदानमा आधारित सामाजिक सुरक्षा कोष अनिवार्य लागू गर्नुपर्ने, बिमा दर निर्देशिका, २०७३ लाई समयअनुकूल संशोधन गरी दुर्घटना क्षतिपूर्ति तथा उद्धार, राहतका लागि दुर्घटना राहतकोषको स्थापना गर्नसमेत माग गरेका छन् । महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले यातायात व्यवसायीले राखेको माग सम्बोधन नगरे जेठ १९ गतेदेखि देशव्यापी अनिश्चित्कालका लागि आफ्ना सवारीसाधन घर ग्यारेजमा थन्काई आन्दोलन गर्ने बताए। उनले निजी क्षेत्रलाई यात्रु ओसार्न दिने नियमले यातायात व्यवसायी समस्यामा परेको बताए ।

संघर्ष समितिले चरणबद्ध आन्दोलनका कार्यक्रमसमेत सार्वजनिक गरेको छ। आज जेठ १४ गते सातै प्रदेशका मुख्यमन्त्रीलाई मागपत्र बुझाउने, जेठ १८ गते कालो झण्डासहित सवारीसाधनले विरोध र्‍याली गर्ने, जेठ १९ गतेदेखि माग सम्बोधन नभए अनिश्चित्कालीन रूपमा देशव्यापी सवारीसाधन ग्यारेजमा थन्क्याइने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

# मनसुनजन्य विपद् नियन्त्रणको पूर्वतयारीमा स्वास्थ्य मन्त्रालय

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारी नियन्त्रणका लागि मनसुनजन्य विपद् सुरु हुनुअघि नै आवश्यक पूर्वतयारी तथा रोकथामका लागि तयारी थालेको छ ।

वर्षायाममा विभिन्न संक्रमण, रोग तथा महामारीको सम्भावनालाई दृष्टिगत गरी स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले तयारी बैठक गरेर समयमै प्रतिकार्य तथा रोकथाम सम्बन्धमा छ वटा निर्णय गरेको उनको निजी सचिवालयले जानकारी दिएको छ ।

विपद् प्रतिकार्य तथा महमामारी नियन्त्रणमा संलग्न स्वास्थ्य अधिकारीहरूसँग मंगलबार भएको बैठकमा मन्त्री पौडेलले स्वास्थ्य अधिकारीहरूलाई समस्या समयमा नै पहिचान गरेर तयारी गर्न निर्देशन दिए । मन्त्री पौडेलको निजी सचिवालयका अनुसार अब महामारी रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सेवा विभागले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अनुसार सम्भावित महामारी हुने स्थानको पहिचान गरी सरसफाइ र शुद्ध पानीको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तयारी गर्ने छ ।

साथै, शुद्ध पानीको प्रयोगका लागि स्थानीय तहसम्मै प्रभावकारी सूचना सामग्री सम्प्रेषणका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रले काम थाल्ने छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सबै स्थानीय तहका द्रुत प्रतिकार्य समूहसँग 'भर्चुअल' बैठक गरेर आवश्यक सूचना संकलनका साथै तथा तयारी अघि बढाउने छ। महाशाखाले सातै प्रदेशमा स्वास्थ्यजन्य विपद् नियन्त्रणका लागि तालिमप्राप्त व्यक्तिको विवरण अद्यावधिक गरेर आवश्यकताअनुसार खटाउने छ ।

यसैगरी, राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र तथा राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गरी आवश्यक तयारी थालिने छ । 'संक्रामक रोग ऐन, २०२०' लाई बदलिँदो परिस्थिति तथा आवश्यकताअनुसार संशोधन गर्न स्वास्थ्य सेवा विभागले एक साताभित्र आवश्यक तयारी गरेर मन्त्रालयमा पेस निर्णय बैठकले गरेको छ ।

# दक्षिण कोरियाको एनओसी रोक्ने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले दक्षिण कोरियाको अध्ययन अनुमति रोक्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ। न्यायाधीश सुनिल पोखरेलको एकल इजलासले मंगलबार दक्षिण कोरियामा अध्ययन गर्न आवश्यक वैदेशिक अध्ययन अनुमति (एनओसी) रोक्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, 'शैक्षिकसत्र प्रारम्भ भइसकेको अवस्थालाई विचारै नगरी दक्षिण कोरियामा अध्ययन गर्न जाने विद्यार्थीलाई अनुमति दिने कार्य स्थगित गरिएको भन्ने विपक्षी मन्त्रालयको मिति २०८२/१/२८ मा भएको निर्णय तथा सो निर्णयका आधारमा प्रकाशित मिति २०८२/१/३० को सूचना कार्यान्वयन नगर्नू ।'

आदेशमा सम्पूर्ण प्रक्रिया पूरा गरी छात्रवृत्तिसमेत प्राप्त गरिसकेका विद्यार्थीहरूको अनुमति रोक्ने निर्णयले उनीहरूलाई अपूरणीय क्षति पुग्ने हुँदा रिट निवेदनको अन्तिम किनारा नलाग्दासम्म उक्त सूचना कार्यान्वयन नगर्न भनिएको छ ।

सरकारको उक्त निर्णयविरुद्ध शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विपक्षी बनाइ पीडित विद्यार्थी एलिजा पाण्डेसहितले दायर गरेको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै उक्त आदेश गरिएको हो। आदेशमा १५ दिनभित्र कारणसहित लिखित जवाफ पेस गर्न भनिएको छ ।

# भवन जीर्ण हुँदा बौद्धिक अपांगता भएका विद्यार्थीलाई समस्या

**दमौली (तनहुँ)**– तनहुँको व्यास नगरपालिका-६ शिशाघाटस्थित महेन्द्रज्योति माध्यमिक विद्यालयमा बौद्धिक अपांगता विद्यार्थी अध्ययन गर्ने भवन जीर्ण हुँदा पठनपाठनमा समस्या भएको छ। भवनको छानो चुहिँदा वर्षायाममा पठनपाठनमा समस्या हुँदै आएको छ ।

वर्षायाम सुरु भएको र टिनमा ठूला-ठूला प्वालले पढाउँदा पढाउँदै पानी पर्दा समस्या भइरहेको अपांगता स्रोत कक्षाका शिक्षक शिव ढकालले जानकारी दिए । उनले भने, 'कहिले हावाहुरीले छानो उडाइदिन्छ, उडाएको छानो ल्याएर पुनः छाउने काम पनि गर्‍यौं, जस्तापाताको प्वालले पानी चुहिने समस्या छ ।'

गत वर्षको हावाहुरीले भवनको जस्तापाता उठाएको थियो । उडाएको जस्तापाता खोजेर ल्याएर पुनः छाउने काम गरिएको उनको भनाइ छ । विद्यालयको स्रोतकक्षामा ११ जना बौद्धिक अपांगता भएका विद्यार्थी अध्ययनरत छन् । धादिङ घर भएका दीपक गुरुङ परिवारसहित पोखरा पुगेका थिए । ज्याला मजदुरी गर्ने उनको परिवार काममा जाँदा बौद्धिक अपांगता उनी बेवारिसे अवस्थामा पोखरा बजारमा भेटिएका थिए । हाल उनी विद्यालयको अपांगता स्रोतकेन्द्रमा आवासीय रूपमा अध्ययन गरिरहेका छन् ।

तनहुँका रिमबहादुर नेपाली सानै छँदा बौद्धिक अपांगता भएको थाहा पाएपछि बाबुआमाले छाडिदिएका थिए । हजुरआमाले लालनपालन गरेका उनलाई पछि यहीँ स्रोतकेन्द्रमा ल्याएर भर्ना गरिएको थियो । स्रोत केन्द्रका कर्मचारी साधन श्रेष्ठका अनुसार यहाँ विभिन्न ठाउँका अपांगता भएका विद्यार्थी आवासीय रूपमा अध्ययन गरिरहेका छन् ।

विद्यालयका प्रधानाध्यापक हरिराज काफ्लेले स्रोत साधन अभावमा बौद्धिक अपांगता भएका विद्यार्थी अध्ययन गर्ने भवनको मर्मत गर्न नसकिएको बताए । उनले विद्यालयमा रिक्त रहेको स्रोत शिक्षक दरबन्दी पदपूर्ति समेत हुन नसकेको बताए । *रासस*


## ओमनमा रोजगार

कम्पनी : ALFAJR ALMUTATAWIRAH

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | LT. No. 324653 | चलानी नं. ६०२३८५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFE COOK | 1 | 0 | 150 | ५२,९५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Juice Makers | 1 | 0 | 140 | ४९,४२० | | | | | | | |
| 3 | Pastries maker | 1 | 0 | 140 | ४९,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २१ गते (4th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार

कम्पनी : Bawabath Almadina Technical Services Est

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | LT. No. 324497 | चलानी नं. ६०२३८६१५

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

कतारमा रोजगार — कम्पनी : ORIANTO CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | LT. No. 324584 | चलानी नं. ६०२३८५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 8 | 0 | 1000 | ३७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 13 | 0 | 1000 | ३७,३३५ | | | | | | | |
| 3 | Labourer | 3 | 0 | 1000 | ३७,३३५ | | | | | | | |
| 4 | Receptionist (Female) | 0 | 2 | 1500 | ५६,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २१ गते (4th Jun. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

# चीनको अन्तरिक्ष यात्रा : ब्रह्माण्ड बुझ्ने दिशामा नयाँ पाइला

**सिचाङ–** चीनले 'तियानवेन-२' नामक अन्तरिक्ष यान यही मे २९ गते प्रक्षेपण गर्ने घोषणा गरेको छ । उक्त यानले पृथ्वीको नजिक रहेको एउटा क्षुद्रग्रह तथा ग्रहहरूबीच रहेको एउटा अनौठो पुच्छ्रेताराको अध्ययन तथा नमूना संकलन गर्ने छ । 'तियानवेन-२' चीनको दोस्रो अन्तरिक्ष अन्वेषण मिसन हो, जसले पृथ्वी नजिकको क्षुद्रग्रहबाट नमूना संकलन गर्ने र ग्रहपथको पुच्छ्रेताराको अध्ययन गर्ने उद्देश्य राखेको छ ।



'क्षुद्रग्रहबाट भन्नाले आकाशमा घुमिरहने पिण्डबाट वैज्ञानिक अनुसन्धानका लागि नमूना लिने कार्यलाई जनाइन्छ । तिनीहरूमा पुगेर त्यहाँको माटो, धुलो, ढुंगा वा अन्य तत्व संकलन गर्ने कार्यलाई जनाइन्छ । यस्तो नमूना संकलन विशेष वैज्ञानिक यान (अन्तरिक्ष यान) मार्फत गरिन्छ, जसले ती नमूनाहरूलाई पृथ्वीमा फर्काएर ल्याउँछ । क्षुद्रग्रहहरूमा अत्यन्त पुराना र जस्ताको तस्तै रहेका तत्वहरू हुने भएकाले ती सौर्यमण्डलको सुरुआती अवस्था बुझ्नका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । वैज्ञानिकहरूले यस्ता नमूनाहरूको प्रयोग गरेर पृथ्वी, चन्द्रमा, ग्रह र अन्य आकाशीय पिण्डहरूको उत्पत्ति, विकास र रासायनिक संरचना बुझ्न प्रयास गर्छ । यस्ता अध्ययनले भविष्यमा पृथ्वीमा ठोक्किन सक्ने सम्भावित खतराहरूकोपहिचानतथाअन्तरिक्षमा खनिज खोज्ने सम्भावनालाई समेत टेवा पुऱ्याउँछ ।

चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासनका अनुसार, तियानवेन दुई यानले '२०१६ एच ओ ३' नामक क्षुद्रग्रहबाट नमूना संकलन गर्ने छ । यो चीनको पहिलोपटक हुने क्षुद्रग्रहबाट नमूना संकलन अभियान हुने छ । यानले त्यस्तै '३११पी' नामक ग्रहपथको पुच्छ्रेताराको पनि अध्ययन गर्ने छ ।

प्रक्षेपणको सम्पूर्ण तयारी चीनको सिचुवान प्रान्तस्थित सिचाङ उपग्रह प्रक्षेपण केन्द्रमा अघि बढिरहेको छ । प्रक्षेपणका लागि प्रयोग हुने लामो पदयात्राको सयौं दस नामक अग्निवाणमा चाँडै इन्धन भरिने छ ।

तियानवेन दुई यानले यसअघि सबै पूर्वनिर्धारित प्रक्रिया जडान, परीक्षण, इन्धन भर्ने कार्य, स्थान परिवर्तन, कार्यसामर्थ्य जाँच र संयुक्त परीक्षण सफलतापूर्वक सम्पन्न गरिसकेको छ । अग्निवाणलाई मे १४ गते प्राविधिक क्षेत्रबाट प्रक्षेपण क्षेत्रमा सारिएको थियो । त्यसपछि यसमा यान जडान, छोप्ने संरचना तयार गर्ने, सम्पूर्ण जाँच तथा परीक्षण सम्पन्न गरिएको छ । साथै, विभिन्न नियन्त्रण केन्द्र तथा निगरानीस्थलबीच समन्वयात्मक अभ्यास पनि गरिएको छ । '२०१६ एच ओ ३' नामक क्षुद्रग्रह, जुन सन् २०१३ मा हवाई टापुमा रहेको एउटा तारादर्शक यन्त्रले पत्ता लगाएको थियो । *रासस/सिन्ह्वा*



उत्तरी थाइल्याण्डको चियाङ राय प्रान्तमा रहेको वाट रोङ सुए टेन बौद्ध मन्दिर, जुन 'ब्लु टेम्पल' भनेर चिनिन्छ । *तस्विर: एएफपी*

# म्याराडोनाको मृत्यु मुद्दा संकटमा

**सान इसिड्रो (अर्जेन्टिना)–** महान् फुटबल खेलाडी डिएगो म्याराडोनाको मृत्युमा आरोपित सात अर्जेन्टिनी स्वास्थ्यकर्मीको मुद्दा सुरु भएको दुई महिनाभन्दा बढी समयपछि न्यायाधीशको निष्पक्षताबारे प्रश्न उठेपछि मुद्दा संकटमा परेको छ ।

बचाव पक्षका वकिलहरूले न्यायाधीशको मुद्दासँग सम्बन्धित डकुमेन्ट्रीमा संलग्नताले उनको कर्तव्यको सम्भावित उल्लंघन, प्रभाव पार्ने काम र घुसखोरी समेत हुनसक्ने भनेपछि गत सप्ता मुद्दाको सुनुवाइ स्थगित गरिएको थियो । मुद्दाको अध्यक्षता गर्ने तीन न्यायाधीशमध्ये एक जुलिएटा माकिन्टाचको सम्भावित निष्कासनले कार्यवाहीलाई रद्द गर्ने जोखिम छ ।

कोकेन र मदिराको लतसँग दशकौंसम्म संघर्ष गरेपछि रगत जमेका कारण मस्तिष्कको शल्यक्रियाबाट निको हुँदै घरमा रहँदा ६० वर्षको उमेरमा सन् २०२० नोभेम्बर २५ मा म्याराडोनाको मृत्यु भएको थियो । शल्यक्रिया गरेको दुई सातापछि हृदयाघात र तीव्र फोक्सोको सूजनका कारण उनको मृत्यु भएको थियो र दिउँसो काम गर्ने नर्सले उनलाई ओछ्यानमा मृत फेला पारेका थिए ।

म्याराडोनाको चिकित्सक टोलीमाथि ब्युनस आयर्सको उपनगर सान इसिड्रोमा उनको निजी घरमा स्वास्थ्य लाभको अवस्थाको सम्बन्धमा मुद्दा चलिरहेको छ । अभियोजकहरूले अन्तिम दिनहरूमा फुटबल आइकनको हेरचाहलाई गम्भीर लापरवाहीका रूपमा वर्णन गरेका छन् । मुद्दाको सुनुवाइ मंगलबार पुनः सुरु हुने तयारी गरिएको छ । सुनुवाइमा कम्तीमा एक वकिलले माकिन्टाचलाई हटाउन माग गर्ने अपेक्षा गरिएको छ ।

यदि उनलाई मुद्दाबाट हटाइयो भने उनको ठाउँमा अर्को न्यायाधीश राख्न सकिन्छ कि सकिँदैन वा नयाँ न्यायाधीशहरूको प्यानलसहित मुद्दा सुरुदेखि नै सुरु गर्नुपर्छ कि पर्दैन भनेर निर्धारण गर्नुपर्ने छ । 'यो यति ठूलो स्क्याण्डल हो कि सारा विश्वले अर्जेन्टिनाको न्यायलाई सबैभन्दा खराब उदाहरणका रूपमा हेरिरहेको छ,' म्याराडोनाका छोरीहरूका वकिल फर्नान्डो बर्लान्डोले गत हप्ता स्थानीय रेडियोलाई भने ।

समस्या भनेको मुद्दाको फिल्म खिच्न प्रतिबन्ध भएको भए पनि अदालतमा क्यामराको कथित प्रयोग हो । माकिन्टाचले कुनै फिल्म खिच्नमा भाग लिएको वा अनुमति दिएको अस्वीकार गरेका थिए तर सप्ताहन्तमा अर्जेन्टिनी सञ्चारमाध्यमहरूमा साझा गरिएको फुटेजले मुद्दा सुरु हुनु अघिल्लो दिन उनलाई फिल्म टोलीले अन्तर्वार्ता लिएको देखाएको छ ।

एएफपीले हेरेको बयानमा एक निर्माताले उनीहरूले माकिन्टाचका बारेमा 'एक न्यायाधीश र एक महिलाका रूपमा' डकुमेन्ट्री फिल्म खिचिरहेको तर मुद्दाका बारेमा होइन भनेका छन् । बर्लान्डोले स्पष्टीकरण अस्वीकार गरे र उनले मंगलबार माकिन्टाचलाई हटाउन माग गर्ने बताए । 'उनले न्यायाधीशको रूपमा नभएर अभिनेत्रीजस्तै काम गरे,' उनले आरोप लगाए ।

म्याराडोनाका पूर्वसाझेदार भेरोनिका ओजेडाका वकिल मारियो बाउड्रीले भने, 'अब सबैलाई लाग्छ कि यो (मुद्दा) सम्झौता गरिएको छ, सुरुदेखि नै सुरु गर्नु सबैभन्दा स्वस्थ हुने छ ।'

यसले मृत्यु निम्त्याउन सक्छ भनेर थाहा भए पनि कारबाहीको मार्ग पछ्याउँछ भने प्रतिवादीहरूलाई 'सम्भावित अभिप्रायसहित हत्या'को आरोपमा दोषी ठहरिएमा आठदेखि २५ वर्षसम्म जेल सजाय हुने जोखिम छ । अहिलेसम्मको मुद्दा म्याराडोनाका चिकित्सकहरूले उनलाई चिकित्सा सुविधाको सट्टा न्यूनतम पर्यवेक्षण र चिकित्सा उपकरणका साथ घरमै निको हुने अनुमति दिने निर्णयमा केन्द्रित भएको छ ।

आफ्नो गवाहीमा म्याराडोनाकी छोरी जियानिनाले उनको बुबाको हेरचाह गर्नेहरूले उनलाई 'अँध्यारो, कुरूप र एक्लो' ठाउँमा राखेको र उनीहरूले उनको कल्याणभन्दा पैसामा बढी चासो देखाएको दाबी गरिन् । *रासस/एएफपी*

# अमेरिका-युरोपेली संघ व्यापार वार्ता सकारात्मक, भन्सार शुल्क अस्थायी रूपमा स्थगित

**ब्रसेल्स–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली संघमाथि प्रस्ताव गरिएको ५० प्रतिशत भन्सार शुल्क अस्थायीरूपमा स्थगित गर्ने निर्णय लिएपछि दुई पक्षबीचको व्यापार वार्ता पुनः सकारात्मक दिशामा अघि बढ्ने संकेत देखिएको छ । आइतबार राष्ट्रपति ट्रम्प र युरोपेली आयोगका अध्यक्ष उर्सुला फोन डेर लायनबीच भएको टेलिफोन वार्तापछि आगामी जुलाई ९ भित्र निष्कर्षमा पुग्ने लक्ष्य राखिएको जानकारी प्राप्त भएको छ ।



## वार्ताको वर्तमान अवस्था

अमेरिकाले अघिल्लो चरणमा युरोपेली संघका विभिन्न वस्तुहरूमा उच्च भन्सार शुल्क लगाइसकेको छ, जसमा सवारीसाधन, फलाम, पित्तललगायतका सामग्रीहरू छन् । हाल केही शुल्कहरू वार्ताका कारण अस्थायी रूपमा रोकिएका छन् । यद्यपि युरोपेली वस्तुहरू अझै १० प्रतिशतको भन्सार महसुलअन्तर्गत परिरहेका छन् ।

युरोपेली संघकातर्फबाट व्यापार आयुक्त मरोस सेफ्चोभिक वार्तालाई सक्रियरूपमा अगाडि बढाइरहेका छन् । अमेरिकाका वाणिज्यसचिव होवार्ड लुटनिक र व्यापार प्रतिनिधि जेमिसन ग्रियरसँग उनको निरन्तर सम्पर्क भइरहेको छ ।

## अमेरिकाको अपेक्षा

राष्ट्रपति ट्रम्पले अमेरिका-युरोपबीचको व्यापार घाटा घटाउनुपर्ने आवश्यकता औंल्याएका छन् । उनले युरोपेली देशहरूले अमेरिकी ऊर्जा सामग्रीको खरिदमा वृद्धि गर्नु आवश्यक रहेको बताए । साथै, उनले केही कर प्रणाली र गैरभन्सार अडचनहरूबारे पनि छलफल अघि सारेका छन्, जसमा मूल्य अभिवृद्धि कर (भ्याट) हटाउने प्रस्ताव पनि समावेश रहेको जनाइएको छ । यस्ता प्रस्तावहरूमध्ये केही युरोपेली पक्षका लागि कठिन रहेको बुझिएको छ ।

## युरोपेली संघको दृष्टिकोण

युरोपेली संघले व्यापारमा सहकार्य र समझदारी कायम राख्दै आर्थिक स्थायित्व सुनिश्चित गर्न चाहेको जनाएको छ । यसका लागि उसले दुई पक्षीय भन्सार छुटको प्रस्ताव अघि सारेको छ, जसमा औद्योगिक उत्पादनहरूसमेत समावेश छन् ।

युरोपेली संघले चीनसँग सम्बन्धित व्यापारिक चुनौतीहरूबारे संयुक्त पहल गर्न सकिने सम्भावनाबारे पनि संकेत गरेको छ, यद्यपि प्रत्यक्षरूपमा चीनको नाम उल्लेख गरिएको छैन । यदि वार्ता सकारात्मकरूपमा अघि बढ्न सकेन भने युरोपेली संघले करिब १३६ अर्ब अमेरिकी डलर बराबरका वस्तुहरूमा शुल्क लगाउने विकल्पको समेत विचार गरिरहेको छ । साथै, केही प्रमुख प्रविधि कम्पनीहरूमाथि समेत नियमन कडा पार्न सकिने बताइएको छ ।

युरोपेली आयोगका अध्यक्ष फोन डेर लायनले आइतबारको वार्तापछि वार्तालाई स्पष्ट र निर्णायक रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । आगामी महिनामा क्यानडामा हुने सात राष्ट्र समूहको सम्मेलनमा राष्ट्रपति ट्रम्प र अध्यक्ष डेर लायनबीच प्रत्यक्ष भेट हुने सम्भावना रहेको छ, जसबाट व्यापार वार्ता थप सुदृढ हुने आशा गरिएको छ । *रासस/एएफपी*

# कर र महँगीको असर कम गर्न जापान सरकारको विशेष पहल

**टोकियो–** जापान सरकारले साना तथा मध्यम व्यवसायहरूलाई अमेरिकाबाट लगाइएको आयात करको असरबाट जोगाउन १५ खर्ब ५० अर्ब डलर भन्दा बढी बराबरको राहत कार्यक्रम सार्वजनिक गरेको छ ।

अमेरिकाले जापानसहित धेरै देशका सामानहरूमा १० प्रतिशतको आधारभूत आयात कर तथा सवारीसाधन, फलाम र एल्युमिनियममा अझै बढी दरको कर लगाएको छ, जसको प्रत्यक्ष असर जापानी व्यवसायहरूमा परेको छ । सरकारले साना व्यवसायहरूलाई सहज ऋण, ऋण सर्तहरूमा सहुलियत तथा सरकारी ऋण संस्थामार्फत आर्थिक सहायता प्रदान गर्ने जनाएको छ ।

मन्त्रिपरिषद्का मुख्यसचिव योशिमासा हायाशीले भने,'अमेरिकी करबाट प्रभावित साना तथा मध्यम व्यवसायहरूलाई पूर्ण समर्थन दिइनेछ ।' अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चालु वर्षको मार्च महिनामा जापानका सामानहरूमा २४ प्रतिशत बराबरको 'प्रतिशोधात्मक' कर घोषणा गर्नुभएका थिए, तर त्यो निर्णय जुलाईको सुरुसम्मका लागि रोकिएको छ ।

जापानले ती करहरू पूर्णरूपमा हटाउन आग्रह गरिरहेको छ । त्यसका लागि सरकारी प्रतिनिधि चाँडै चौथो चरणको वार्ताका लागि अमेरिका जाँदै छन् । प्रधानमन्त्री शिगेरु इशिबाले आगामी महिना क्यानडामा हुने सात राष्ट्रको शिखर सम्मेलनमा अमेरिकी राष्ट्रपति ट्रम्पसँग प्रत्यक्ष भेटवार्ता गरेर सहमति जुटाउने संकेत दिनुभयो ।

अर्कोतर्फ, सरकारले बढ्दो बिजुली तथा ग्यासको मूल्यका कारण जनतामा परेको असर कम गर्न आगामी तीन महिनाका लागि दुई खर्ब ८८ अर्ब बराबरको सहयोग प्रदान गर्ने जनाएको छ । *रासस/एएफपी*


**साउदीमा रोजगार** — कम्पनी : Hadi Jaber Al-Mahan General Contracting

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | LT. No. 324665 | चलानी नं. ६०२३८६२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 4 | 0 | 1200 | ४३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २१ गते (4th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,०००/- | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

**युएइमा रोजगार** — कम्पनी : SAFE TOUCH ELECTROMECHANICAL WORKERS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | LT. No. 324642 | चलानी नं. ६०२३८६०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 1 | 0 | 1200 | ४४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 1 | 0 | 1000 | ३७,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २१ गते (4th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

**कुवेतमा रोजगार** — कम्पनी : HALO RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१३ | LT. No. 318636 | चलानी नं. ६०२३२८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 2 | 4 | 150 | ६६,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PURE DIET COMPANY FOR PROVIDING HEALTHY MEALS

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१३ | LT. No. 314680 | चलानी नं. ६०२२८९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 2 | 0 | 90 | ३९,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 3 | 0 | 120 | ५३,१८५ | | | | | | | |
| 3 | LINE COOKS | 3 | 0 | 150 | ६६,४८५ | | | | | | | |

कम्पनी : Polished Beauty Bar Ladies Salon Company

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | LT. No. 324609 | चलानी नं. ६०२३८५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Indoor (Female) | 0 | 1 | 120 | ५३,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser/hair Stylist | 0 | 4 | 150 | ६६,४८५ | | | | | | | |
| 3 | Manicurist/pedicurist | 0 | 4 | 150 | ६६,४८५ | | | | | | | |
| 4 | Nail Artist | 0 | 4 | 150 | ६६,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २१ गते (4th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**कतारमा रोजगार** — कम्पनी : ARISFA CLEANING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०२/१२ | LT. No. 324550 | चलानी नं. ६०२३८५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 8 | 0 | 4000 | १४९,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Accountant Gen. | 1 | 0 | 3000 | ११२,०१० | | | | | | | |
| 3 | Cashier | 7 | 7 | 2500 | ९३,३४० | | | | | | | |
| 4 | Domestic Helper Female Workers | 0 | 1 | 1100 | ४१,०७० | | | | | | | |
| 5 | Domestic Helper/cleaners(Male) | 2 | 0 | 1100 | ४१,०७० | | | | | | | |
| 6 | Driver | 1 | 0 | 1700 | ६३,४७० | | | | | | | |
| 7 | Dry Cleaning Worker | 8 | 3 | 1200 | ४४,८०५ | | | | | | | |
| 8 | Electric Tech | 4 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 9 | Electrician General | 6 | 0 | 2500 | ९३,३४० | | | | | | | |
| 10 | General Director | 1 | 0 | 6300 | २३५,२२० | | | | | | | |
| 11 | Labour | 16 | 0 | 1100 | ४१,०७० | | | | | | | |
| 12 | Office Cleaner | 2 | 2 | 1100 | ४१,०७० | | | | | | | |
| 13 | Receptionist | 2 | 0 | 2000 | ७४,६४० | | | | | | | |
| 14 | Representative | 1 | 0 | 2500 | ९३,३४० | | | | | | | |
| 15 | Store Keepers | 1 | 0 | 2000 | ७४,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २० गते (3rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 324550 मिति: २०८२/०२/१३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम इजाजत नं. १३०२/०७४/०७५

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोन: ०१–४२७६५३०, फ्याक्स:०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९०९०० | प्रति तोला - ० | प्रति तोला - १९९५ |

# योजना आयोगका उपाध्यक्ष अधिकारी र गभर्नर पौडेलबीच भेट



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी र नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलबीच भेटवार्ता भएको छ। सिंहदरबारस्थित आयोगमा भएको भेटवार्तामा मुलुकको वित्त नीति र मौद्रिक नीतिबीच तादम्यता र अन्तरसम्बन्धका विषयमा छलफल भएको उपाध्यक्ष अधिकारीको सचिवालयले जनाएको छ।

आर्थिक नीति र मौद्रिक नीतिलाई सामञ्जयपूर्ण ढङ्गले कसरी अघि बढाउन सकिन्छ भन्नेबारे छलफल भएको थियो । मुलुकको अर्थतन्त्रमा कोभिड-१९ महामारी तथा विभिन्न प्राकृतिक विपद्बाट परेको असर न्यूनीकरण गर्दै सोह्रौं आवधिक योजनाले लक्षित गरेअनुरूपको उच्च, दिगो तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न अबलम्बन गर्नुपर्ने रणनीतिबारे छलफल भएको हो ।

छलफलका क्रममा आयोगका उपाध्यक्ष अधिकारीले वित्तीय हस्तान्तरण, आयोजनाको पुनः प्राथमिकिकरण, आयोजना बैंकको प्रभावकारी कार्यान्वयन तथा मध्यमकालिन खर्च संरचनालगायत विषयमा आयोगबाट भए गरेका सुधारका कार्यको बारेमा जानकारी गराएका थिए ।

त्यस्तै राष्ट्र बैंकका गभर्नर पौडेलले पूर्वाधार विकासमा निजी क्षेत्रलाई प्रवर्द्धन गर्दै लगानीको वातावरण सिर्जना गर्न राष्ट्र बैंकले सहजीकरण गर्ने प्रतिबद्धता जनाए ।

# नेप्से परिसूचकमा सामान्य सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ। मंगलबार नेप्से परिसूचक शून्य दशमलव ८५ अंकले बढेर दुई हजार छ सय ७५ दशमलव ६२ को बिन्दुमा कायम भएको हो।

तीन सय १८ कम्पनीको एक करोड ४२ लाख ९९ हजार तीन सय ९४ कित्ता सेयर ५९ हजार छ सय ३३ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५२ करोड ७८ लाख ३९ हजार पाँच सय ८१ बराबरको कारोबार भएको छ।

कारोबारमा बैंकिङ शून्य दशमलव ४०, विकास बैंक एक दशमलव ६६, जलविद्युत् शून्य दशमलव १४, उत्पादन तथा प्रशोधन शून्य दशमलव २९, म्युचुअल फन्ड शून्य दशमलव १९ र व्यापार समूह शून्य दशमलव ९५ प्रतिशतले बढेको छ। अरू सबै समूहको उपसूचक घटेको छ । वित्त समूह शून्य दशमलव ६१, होटल तथा पर्यटन शून्य दशमलव ०९, लगानी शून्य दशमलव २६ र जीवन बीमा शून्य दशमलव ५४ प्रतिशतले घटेको छ। त्यस्तै, लघुवित्त एक दशमलव १३, निर्जीवन बीमा शून्य दशमलव ५५ र अन्य समूह शून्य दशमलव २० प्रतिशतले घटेको छ।

कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र भूगोल इनर्जी डेभलपमेन्ट बैंक लिमिलेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य सात दशमलव ० ९ प्रतिशतले घटेको छ। कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आज सबैभन्दा धेरै युनिभर्सल पावर कम्पनी लिमिटेडको रु ६३ करोड ५८ लाख १९ हजार बराबरको १४ लाख ३४ हजार तीन सय ४१ कित्ता सेयर किनबेच भएको छ।

अन्तर्राष्ट्रिय एभरेस्ट समिटर्स समिट-२०२५

# हिमाल संरक्षण हाम्रो साझा कर्तव्य हो : पर्यटनमन्त्री

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले हिमालको संरक्षण हामी सबैको साझा कर्तव्य भएको बताएका छन् ।

राजधानीमा मंगलबार आयोजना भएको 'अन्तरराष्ट्रिय एभरेस्ट समिटर्स समिट-२०२५' को उद्घाटन गर्दै उनले हिमाली संस्कृतिको संरक्षण र भविष्यका पुस्ताका लागि हिमाल सुरक्षित राख्नुपर्ने आवश्यकता औंल्याए ।

मन्त्री पाण्डेले भने, 'हामी केवल संसारको शिखर चुम्नेहरूलाई बधाई दिन यहाँ आएका होइनौं, उहाँहरूको साहस, समर्पण र दृढताप्रति सम्मान प्रकट गर्न पनि यहाँ छौं ।' उनले शेर्पा समुदाय, पथप्रदर्शक, उद्धार टोली र हिमाली क्षेत्रमा निरन्तर खटिएर सेवा पुऱ्याउने सबैप्रति विशेष सम्मानसमेत व्यक्त गरे ।

'उहाँहरूको समर्पणले पर्वतीय यात्रालाई सुरक्षित, प्रकृतिप्रति संवेदनशील र अझ अर्थपूर्ण बनाएको छ', मन्त्री पाण्डेले भन्नुभयो। सरकार पर्वतारोहणको प्रवर्द्धनका लागि पूर्वाधार, तालिम र वातावरणीय सुरक्षालाई प्राथमिकतामा राखेर काम गरिरहेको मन्त्री पाण्डेले बताए । साथै पर्वतीय पर्यटनसँगै स्थानीय समुदायको समृद्धि र जीवनस्तरमा सुधार ल्याउन प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

मन्त्री पाण्डेले हिमालयलाई केवल भौगोलिक पर्वत नभई सभ्यता, संस्कृति र सहजीवनको सेतुका रूपमा चित्रित गर्दै भन्नुभयो, 'यी हिमालहरू पवित्र छन् र तिनीहरूलाई सुरक्षित राख्नु हाम्रो साझा जिम्मेवारी हो ।' जलवायु परिवर्तन र 'ग्लोबल वार्मिङ'का कारण हिमाली भविष्य संकटमा परेको उल्लेख गर्दै उनले भने, 'अब समय आएको छ, हामीले सावधानी, बुद्धिमत्ता र सम्मानपूर्वक यी हिमालहरूको संरक्षण गर्न आवश्यक छ ।'

उनले सम्पूर्ण मानव समाजलाई हिमालप्रतिको प्रतिबद्धता नवीकरण गर्न प्रेरणा दिने विश्वास व्यक्त गरे । उनले सम्मेलनका क्रममा स्वदेशीदेखि विदेशी पर्वतारोहीलाई सम्मानसमेत गरेका थिए ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपालको शान र पहिचानका रूपमा रहेको सगरमाथासहितका हिमाल आरोहणमार्फत साहसिक गन्तव्यको प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले पर्वतीय पर्यटन प्रवर्द्धनका साथै नेपाललाई साहसिक गन्तव्यका रूपमा स्थापित गर्न कार्यक्रम उपयोगी हुने विश्वास व्यक्त गरे । सगरमाथा आरोही सङ्घका अध्यक्ष डम्बर पराजुलीले विश्वभरका सगरमाथा आरोहीहरूको हौसला, प्रतिष्ठा र गौरव बढाउन समिट सान्दर्भिक हुने उल्लेख गरे । अन्तरराष्ट्रिय सगरमाथा आरोहीहरूको विशेष जमघट 'अन्तरराष्ट्रिय एभरेस्ट समिटर्स समिट-२०२५' पहिलो पटक काठमाडौंमा आयोजना गरिएको हो ।

एभरेस्ट एलायन्स नेपालले आयोजना गरेको समिटमा २५ देशका ३०० भन्दा बढी अनुभवी पर्वतारोहीको सहभागिता रहेको छ । सम्मेलनमा नेपालका साथै विश्वका विभिन्न देशबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय सगरमाथा आरोहीको विशेष जमघट रहेको छ। सम्मेलनमा भारत, चीन, अमेरिका, पाकिस्तान, बेलायत, इटाली, नर्वे, इरान, सिङ्गापुर, अस्ट्रेलिया, लेबनान, मोरक्को, युएईलगायतका मुलुक सहभागी छन् ।

एभरेस्ट एलायन्स नेपालका अध्यक्ष सुदर्शन नेपालले साहसिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको बताए। उनका अनुसार सम्मेलनले पर्वतारोहण विज्ञ, नीति निर्माता, संरक्षणविद्, पर्यटन सरोकारवाला, हिमाली क्षेत्रका स्थानीयलगायत पर्यटन व्यवसायी, शेर्पा, ट्रेकर तथा पर्वतीय संस्कृतिलाई प्रतिनिधित्व गर्ने समुदायलाई एउटै मञ्चमा ल्याई दिगो पर्यटन प्रवर्द्धन, हिमाली वातावरणीय संरक्षण र स्थानीय समुदायको उत्थानबारे अन्तरराष्ट्रिय सहकार्यका लागि छलफल गर्ने अवसर प्रदान गर्ने उनले बताए।


एभरेस्ट समिटियर्स समिटको मुख्य विशेषता विश्वभरका सगरमाथा आरोहण सम्पन्न गरेका आरोहीलाई एउटै मञ्चमा भेला गराई प्रेरणादायी यात्राका कथा, सफलताको अनुभूति, सङ्घर्षका क्षणहरू र सिकाइका पाटा प्रस्तुत गर्ने रहेको छ ।

सन् १९५३ मा सर एडमन्ड हिलारीसँगै पहिलो पटक सगरमाथा आरोहण गरेका सदस्य कान्छा शेर्पालाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गरिएको छ । कीर्तिमानी आरोही मिङ्मा शेर्पा, हरिबहादुर बुढालगायतलाई सम्मान गरिएको थियो ।

'सगरमाथा हाम्रो गौरव, पहिचान र अब हाम्रो जिम्मेवारी हो' भन्ने सन्देशसहित यो सम्मेलनले हिमालमा बढ्दो पर्यावरणीय संकट, जिम्मेवार पर्वतारोहण अभ्यास र अन्तरराष्ट्रिय सहकार्यको आवश्यकताप्रति ध्यानाकर्षण गराउने विश्वास लिइएको छ ।

# पर्यटकीय क्षेत्र ठूल्डाँडामा 'फनपार्क'

**ढोरपाटन–** बागलुङको बरेङ गाउँपालिका-१ र २ को सिमानामा पर्ने पर्यटकीय क्षेत्र ठूल्डाँडामा 'फनपार्क' निर्माण गरिएको छ । बरेङ बजार नजिकै रहेको ठूल्डाँडा क्षेत्रमा गाउँपालिकाले रु ४० लाख लागतमा 'फनपार्क' निर्माण गरी सञ्चालनमा ल्याएको हो। पार्क सञ्चालनमा आएपछि आन्तरिक पर्यटकको संख्या बढ्दै गएको छ । तीन वर्ष अगाडि निर्माण सुरु गरिएको पार्क यसै वर्षदेखि सञ्चालनमा आएको गाउँपालिका कार्यालयले जनाएको छ ।



एक दशक अगाडिसम्म झाडीले ढाकिएको उक्त क्षेत्र अहिले रमणीय बनेको स्थानीय बताउँछन् । पार्क निर्माण भएपछि बरेङसहित बागलुङको गलकोट, जैमिनी, गुल्मी, स्याङ्जालगायत ठाउँबाट आन्तरिक पर्यटक घुम्न आउने गरेका स्थानीय चित्र थापाले बताए । गर्मीयाम सुरु भएपछि पार्कमा रहेका रुखका छहारीमा बस्न आउनेको सङ्ख्या बढेको उनको भनाइ छ ।

करिब दुई हेक्टर क्षेत्रफलमा बनेको पार्कमा बालबालिकाका लागि खेल्ने, वनभोजस्थल, भवन, फोटो खिच्नेस्थाललगायत पूर्वाधार बनेकाले आन्तरिक पर्यटकको आकर्षण बढेको थापाले उल्लेख गरे ।

बरेङका सबै वडासहित गुल्मी, स्याङ्या, माछापुच्छ्रेलगायत हिमालहरू अवलोकन गर्न सकिने भएकाले ठूल्डाँडा र पार्क पर्यटकका लागि आकर्षण केन्द्र बनेको उनले बताए ।

उनले भने, 'पहिले हामीले यहाँ गाईभैंसी चराउने गर्थ्यौं, अहिले सुन्दर पार्क बनेको छ । सामाजिक सञ्जालको प्रयोगले पार्कको प्रचारप्रसार भएपछि आन्तरिक पर्यटक आउने गरेका छन्, यहाँ फोटो, भिडियो खिच्न, वनभोज खान, हिमालको अवलोकन गर्न पर्यटक आउने गरेका छन् ।'

बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले पदमार्ग र मोटरबाटोले ठूल्डाँडा जोडेपछि पर्यटकको आगमनमा वृद्धि आएको बताए। ठूल्डाँडामा पार्कसहित खानेपानी, शौचालय, बालबालिकाका लागि खेल्ने स्थान, वनभोजस्थल, आरामका लागि भवन, फोटो खिच्न पूर्वाधार बनाइएको उनको भनाइ छ । पार्कमा खुला व्यायामशालासमेत निर्माण गरिएको अध्यक्ष शर्माले जानकारी दिए ।

'यो ठाउँ प्राकृतिक सुन्दरताले भरिपूर्ण भए पनि प्रचारप्रार र पर्याप्त पूर्वाधार नहुँदा आझेलमा परेको थियो, यसलाई संरक्षण र प्रवर्द्धन गरी स्थानीयको आयआर्जनको स्रोत विकास गर्नुपर्छ भन्ने उद्देश्यले यहाँ पूर्वधार निर्माण गऱ्यौं, पदमार्ग र मोटरबाटो दुवैले जोड्यौं', अध्यक्ष शर्माले भने । *रासस*

**फोहोर व्यवस्थापन गरौं र गराऔं ।**

- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं,
- जैविक फोहोरबाट प्रांगारिक मल उत्पादन गरौं,
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुनः प्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौं ।

**फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ